**नेपाली लेखकहरुका यात्रा अनुभुतीहरु समेटिने सङ्ग्रह**

२९ अप्रिल २०२० ।

संघको भाषा, साहित्य, संस्कृती तथा तथा सम्पदा समितिले संसारका सबै महादेशमा रहेका नेपाली लेखकहरुका यात्रा अनुभुतीहरु समेटिने र उक्त सङ्ग्रहमा नेपाली लेखकहरुले बिश्वका कुनाकाप्चाको भुगोल, सस्कृती, सम्पदा, जनजीवन तथा समाजको अनुभव नेपाली साहित्यका पाठकलाई स्वादिलो रुपमा पस्कने छन।

सन २०२० भित्रै प्रकाशन गरि सक्ने लक्ष्य राखिएको उक्त संग्रहका लागि संघका भाषा, साहित्य, सस्कृती तथा सम्पदा समितिका सभापति हिक्मत थापाले जुलाई ३०, २०२० सम्म रचनाहरु संकलन गरि सक्ने बताउनु भएको छ।

संसारका विभिन्न देश र क्षेत्रमा रहेका प्रवासी नेपाली साहित्यकारहरुले बसेको वा घुमेको देशका बिबिध स्वरुपलाई उत्कृष्ट रुपमा नियात्राको रुपमा प्रस्तुत गर्ने र यो संग्रहले पाठकहरुलाई विभिन्न नेपाली लेखकहरु सङ्गै रोचक रुपमा संसार घुमाउने हाम्रो बिश्वास छ।

समितिका सहअध्यक्ष महेश्वर पन्तको भनाइ अनुसार २० देखि २५ लेखकका रचनाहरु उक्त संग्रहमा रहने र संग्रह लगभग ३०० पृष्ठको रहनेछ। समितिले यस संग्रहका साथै गैरआवासीय लेखकहरुको गजल सङ्ग्रह र गैरआवासिय नेपाली लेखकहरुको अभिलेख पनि साथ साथै प्रकाशन गर्ने तयारी गरिरहेको छ ।

भाषा, साहित्य, संस्कृती तथा तथा सम्पदा समिति ।